निर्णयहरुः

१. नयाँ भेरिएन्ट सहितको कोभिड-१९ संक्रमणको रोकथाम तथा नियन्त्रण गर्न उपचारको लागि सिन्धुली अस्पताललाई १५ र दुधौली नगरपालिकालाई ४ वटा अक्सिजन ग्याँस सिलिण्डर रिलिफ नेपालद्वारा DCCMC मार्फत हस्तान्तरण गरी जिल्ला भर फैलिएको कोभिड-१९ रोकथाम तथा नियन्त्रण गर्न र सिड्स नेपालले DCCMC लाई प्रदान गरेको १४ वटा अक्सिजन ग्याँस सिलिण्डर सहयोग गरेको उक्त सहयोगका लागि धन्यबाद ज्ञापन गर्ने निर्णय गरियो ।

२. जिल्ला स्वास्थ्य कार्यालयले Focal Person मार्फत प्रत्येक दिन PCR Report सार्वजनिक गर्ने Focal Person बाहेक अन्य व्यक्तिले आफू खुसी विवरण सार्वजनिक गर्दा जनमानसमा भ्रम सिर्जना भएकोले यस्तो कार्य तत्काल रोक्ने ।

३. कोभिड-१९ विरामी ओसार पसार गर्नको लागि सिन्धुली जिल्ला अस्पतालले १ वटा Covid Dedicated Ambulance को व्यवस्थापन गर्ने जसको लागि निम्न बमोजिमका व्यक्तिलाई तोक्ने ।

क) एक बहादुर श्रेष्ठ - ह.स.चा. — मो.नं. ९८४१९०५६८५

ख) इन्द्र लो - ह.स.चा. — मो.नं. ९८४४२१६४०८

४. कमलामाई नगरपालिकाले एक वटा Covid Dedicated Ambulance को व्यवस्थापन गर्ने कमलामाई नगरपालिका क्षेत्र भित्रको कोभिड विरामीहरुलाई ओसार पसारको कार्यमा लगाइने ।

५. कोभिडका कारण कुनै व्यक्तिको मृत्यु भएमा निजको सामाजिक परम्परा अनुसार शव व्यवस्थापन गर्न चाहेमा सोही स्थानमा सो नभएमा कमलामाई नगरपालिका ५, ६ र ७ को गडौली दोभानमा सामाजिक परम्परा अनुसार शव व्यवस्थापन गर्ने ।

६. सिन्धुली जिल्ला अस्पतालबाट संचालित कोभिड अस्पतालमा एक थान जेनेरेटर आवश्यक भएकोले Social Corporate Responsibility अन्तर्गत सहयोग गरिदिन Bankers Association सिन्धुलीलाई अनुरोध गर्ने ।

आज मिति २०७८/०१/२६ गते आईतबारका दिन प्रमुख जिल्ला अधिकारी श्री सुरेश न्यौपानेज्यूको अध्यक्षतामा नेपाल सरकार (मन्त्रिपरिषद्को निर्णयानुसार) कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी ढङ्गले गर्नको लागि गठित District Covid-19 Crisis Management Center संरचनाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | - श्री सुरेश न्यौपाने | - अध्यक्ष |
| सहायक प्रमुख जिल्ला अधिकारी | - श्री ऋद्धि प्रकास सिटौला | - सदस्य |
| प्रमुख सेनानी | - श्री विजय थापा | - सदस्य |
| प्रहरी उपरीक्षक | - श्री गोविन्द थपलिया | - सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक | - श्री नारायण प्रसाद पौडेल | - सदस्य |
| जिल्ला समन्वय अधिकारी | - श्री डिग बहादुर कार्की | - सदस्य |
| प्रमुख अनुसन्धान अधिकृत | - श्री निर्मल पौडेल | - सदस्य |
| मे.सु., सिन्धुली अस्पताल | - डा. उमेश प्रधान | - सदस्य |
| बरिष्ठ जनस्वास्थ्य अधिकृत | - श्री जितेन्द्र कुमार शाह | - सदस्य |
| सभापति, नेपाल रेडक्रस सोसाईटी, सिन्धुली | - श्री अशोक श्रेष्ठ | - सदस्य |

## विशेष आमन्त्रित

माननीय श्री प्रदिप कटुवाल, ने.क.पा. (एमाले) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री लेखनाथ दाहाल, ने.क.पा. (माओवादी केन्द्र) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री विनोद खड्का, प्रदेश सभा सदस्य

जिल्ला समन्वय प्रमुख श्री शंकरराज वर्मा तिवारी, जिल्ला समन्वय समिति, सिन्धुली ।

नगर प्रमुख श्री खड्ग बहादुर खत्री, कमलामाई नगरपालिका, सिन्धुली ।

श्री उज्वल बराल, सभापती, नेपाली कांग्रेस

श्री दीर्घ राज श्रेष्ठ, जनता समाजबादी पार्टी

श्री कुल ब० विश्वकर्मा राष्ट्रिय प्रजातन्त्र पार्टी

अध्यक्ष श्री प्रल्हाद पोखरेल, सिन्धुली अस्पताल विकास समिति, सिन्धुली ।

श्री अमोश चन्द्र वैद्य उद्योग बाणिज्य संघ, सिन्धुली ।

श्री कृष्णहरि घिमिरे, अध्यक्ष, नेपाल पत्रकार महासंघ

श्री दुर्गा पौडेल, रिलिफ नेपाल

श्री दिपक घिमिरे, सिड्स नेपाल

श्री विष्णु ढकाल, बैंकर्स एसोसिएसन, सिन्धुली ।

श्री केशव प्रसाद देवकोटा, बैंकर्स एसोसिएसन, सिन्धुली

श्री खुमराज पौडेल, रिलिफ नेपाल

श्री डा. सागर देवकोटा, covid-फोकल पर्सन,

श्री पुस्कर थापा, पत्रकार महासंघ, सचिव

श्री महेन्द्रदेव लेप्छ, अध्यक्ष खि. पा. उ. सं